# राप्ती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
हर्दी, भण्डारा, चितवन
बागमती प्रदेश, नेपाल
२०७३

प.सं. ०७७/०७८
च.नं. २५६५

मिति: २०७७।१२।०३

**विषय : जनता आवास कार्यक्रम सम्बन्धमा।**

श्री वडा कार्यालय सबै,
राप्ती नगरपालिका, चितवन ।

प्रस्तुत विषयमा शहरी विकास तथा भवन कार्यालय, वागमती प्रदेश, मकवानपुरको च.नं. ४७३, मिति २०७७।११।१६ को पत्र यसै साथ संलग्न छ । सो पत्रमा उल्लेख भएबमोजिम राप्ती नगरपालिकाको मिति २०७७।११।२७ को कार्यपालिका बैठकको निर्णयानुसार जनता आवास कार्यक्रम सञ्चालनको लागि प्रति वडा कम्तीमा २ (दुई) घर नघट्ने गरी यसै साथ संलग्न फारम भरी पठाउनुहुन आदेशानुसार अनुरोध छ ।

१२।०३

दिपक थिङ
अधिकृत सातौं

प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
शहरी विकास तथा भवन कार्यालय, मकवानपुर
हेटौंडा, मकवानपुर
ईमेल : udbomak@gmail.com
फोन : ०५७-५२०३४४
फ्याक्स : ०५७-५२१२८४

पत्र संख्या :- ०७७/७८
चलानी नं. :- 863

मितिः २०७७/११/१६

## विषयः- जनता आवास कार्यक्रम संचालन सम्बन्धमा ।

श्री भरतपुर महानगरपालिकाको कार्यालय,भरतपुर चितवन ।
श्री कालिका नगरपालिकाको कार्यालय, चितवन ।
श्री खैरहनी नगरपालिकाको कार्यालय , चितवन ।
श्री माडी नगरपालिकाको कार्यालय ,चितवन ।
श्री रत्ननगर नगरपालिकाको कार्यालय, चितवन ।
श्री राप्ती नगरपालिकाको कार्यालय, चितवन ।
श्री ईच्छाकामना गाउँपालिकाको कार्यालय, चितवन ।

प्रस्तुत विषयमा आ.व ०७७/७८ को वार्षिक कार्यक्रम अन्तरगतको जनता आवास कार्यक्रम चितवन जिल्लाको प्रदेश निर्बाचन १"क" "ख",२ "क" "ख", ३"क" "ख", का प्रत्यक्ष निर्वाचित माननीय सभासदज्यूको संयोजकत्वमा मिति २०७७/११/१४ को निर्णयानुसार तपसिल बमोजिमको संख्या निर्धारण भएकोले माग आकृती निवेदन यसै पत्र साथ संलग्न राखी पठाईएको छ ।निर्णय भएअनुसार १० दिन भित्र निर्धारण भएको निजी घर निर्माण संख्याको थप ५० प्रतिशत नबढने गरी निवेदन संकलन गरी घर निर्माण सर्भेको लागी सिफारीस पठाई कार्यक्रम संचालनमा सहयोग पुर्‍याई दिनुहुन अनुरोध छ ।

राजेश कुमार पौडेल
**सि.डि. ई.**

तपसिलः

चितवन प्रदेश निर्वाचन १ क, घर संख्या-४० (खैरहनी नगरपालिकाका केही वडा र राप्ती नगरपालिका)
चितवन प्रदेश निर्वाचन ख, घर संख्या -४४ (खैरहनी नगरपालिका, केही वडा र रत्ननगर नगरपालिका)
चितवन प्रदेश निर्वाचन २ क, घर संख्या-४६(कालिका न.पा.,ईच्छाकामना गा.पा,भरतपुर महानगरपालिकाको केही वडा)
चितवन प्रदेश निर्वाचन ख, घर संख्या १४ (भरतपुर महानगरपालिकाको केही, वडा)
चितवन प्रदेश निर्वाचन ३ क, घर संख्या -२४ (भरतपुर महानगरपालिका भित्रका केही वडा)
चितवन प्रदेश निर्वाचन ख-३२ (भरतपुर महानगरपालिकाको केही वडा र माडी नगरपालिका)

जम्मा घर संख्याः २००

श्रीमान् ,कार्यलय प्रमुख ज्यु,

शहरी विकास तथा भवन कार्यलय,बागमती प्रदेश मकवानपुर,

**विषय:- बसोबासको लागी घर निर्माण गरी पाउँ ।**

महोदय,

उपरोक्त विषयमा जनता आवास कार्यक्रम अन्तरगत लोपोन्मुख अति सिमान्तकृत,समुदायका विपन्न वर्गलाइ लक्षित गरि आधुनिक आवास निर्माण गरि बसोबासको व्यवस्था गर्ने उद्देश्यले हाल उक्त कार्यक्रम यस गा.पा./न.पा./म.न.पा.मा पनि सचालन हुन लागेको जानकारी हुन आएको हुँदा मेरो घरको स्थलगत निरिक्षण गरि मेरो परिवारको लागि आवास निर्माण गरि बसोबासको व्यवस्था मिलाई दिन हुनको लागि तपशिलका कागजातहरु यसै निवेदनका साथ सलग्न गरि यो निवेदन पेश गरेको छु। मैले पेश गरेको प्रमाणहरु सहि छ झुठा ठहरेमा कानुन बमोजिम सहुँला बुझाउँला ।

**तपशिल :- (कागजात संलग्न भए(✓) ठिक चिन्ह लगाउन)**

१ नागरिकताको प्रमाण प्रतिलिपि

२ जग्गाधनी प्रमाण पत्र प्रतिलिपि

३ विगत देखि त्यस स्थानमा बसोबास गर्दै आएको प्रमाण को प्रतिलिपि

४ मालपोत ,तिरो तिरेको रसिद को प्रतिलिपि

५ बिजुली,पानी को शुल्क बुझाएको कागजातको प्रतिलिपि

६ सामुदायीक बन क्षेत्रमा बसोबास हो भने बन वा वडा कार्यलय बाट सिफारिस पत्रको प्रतिलिपि

७ खुल्ने अन्य कुनै प्रमाण भए सोको प्रमाणित प्रतिलिपि

८ अन्य श्रोत वा तरीकाबाट हाल सम्म घर निर्माणको लागी सहयोग नलिएको प्रमाण

**निवेदक**

नाम:-

बाबुको ससुराको नाम:-

बाजेको नाम:-

ठेगाना / टोल:-

फोन नं :-

हस्ताक्षर:-